

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ६९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ चैत १० गते शुक्रबार ❑ 24 March 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## गण्डकीमा पनि सत्ता फेरबदलको सङ्केत

**रासस**
पोखरा, ९ चैत

राष्ट्रपति चुनावमा पुरानै गठबन्धन ब्युँतिएपछि गण्डकी प्रदेशमा पनि सत्ता समीकरण फेरिने सङ्केत देखिएको छ। गठबन्धनमा सामेल नेपाली कांग्रेस र नेकपा (माओवादी केन्द्र)ले नयाँ सरकार बनाउन आन्तरिक कसरत थालेका छन् ।

केन्द्रीय समीकरणमा आएको फेरबदलसँगै प्रदेश सरकार पनि फेरिने स्थिति बनेको हो । अहिले गण्डकी प्रदेशको सरकार नेकपा (एमाले)को नेतृत्वमा छ । माओवादी केन्द्र र राष्ट्रिय प्रजातन्त्र पार्टीको समर्थनमा गत पुस २५ गते एमालेका खगराज अधिकारी मुख्यमन्त्रीमा नियुक्त हुनुभएको थियो । कांग्रेसको गण्डकी प्रदेशसभा संसदीय दलका नेता सुरेन्द्र पाण्डेले माओवादी केन्द्रले मुख्यमन्त्रीलाई दिएको समर्थन फिर्ता लिनासाथ नयाँ सरकार गठनको प्रक्रिया अघि बढ्ने बताउनुभयो ।

"प्रदेश सरकारको नेतृत्व बाँडफाँटबारे गठबन्धन दलको शीर्ष तहमा छलफल भइरहेको छ, एक/दुई दिनभित्रैमा त्यसको टुङ्गो लाग्ला", उहाँले भन्नुभयो, "गण्डकीमा पनि माओवादीले सरकार छाडेर समर्थन फिर्ता लिएपछि संवैधानिक व्यवस्थाअनुसार अर्को सरकार बनाउने प्रक्रिया सुरु हुन्छ ।" आठ प्रदेशसभा सदस्य (सभामुखसहित) रहेको माओवादी केन्द्रले समर्थन फिर्ता लिनासाथ अहिलेको सरकार अल्पमतमा पर्छ । सरकारलाई माओवादीसहित एमालेका २२ र राप्रपाका दुई प्रदेशसभा सदस्यको समर्थन छ । साठी सदस्यीय प्रदेशसभामा राप्रपाले मात्र समर्थन फिर्ता लिँदा पनि सरकारले बहुमत गुमाउँछ । सङ्घ र अरु केही प्रदेश सरकारबाट हटेको राप्रपाले गण्डकीबाट भने अझै बाहिरिने निर्णय गरेको छैन । गण्डकी सरकारमा मुख्यमन्त्रीसहित एमालेका चार, माओवादी केन्द्रका दुई र राप्रपाका एक मन्त्री हुनुहुन्छ । कांग्रेस संसदीय दलका नेता पाण्डेले आफूहरु माओवादी निर्णयको पखाईमा रहेको बताउनुभयो । "पहिले माओवादीले सरकार छोड्नुपर्‍यो, समर्थन फिर्ता लिनुपर्‍यो", उहाँले भन्नुभयो, "त्यसपछि मुख्यमन्त्रीसँग दुई वटा विकल्प बाँकी रहन्छन्, कि राजीनामा दिने नत्र ३० दिनभित्र विश्वासको मत लिनुपर्छ ।"
विश्वासको मत पाउन नसक्ने स्थितिमा मुख्यमन्त्रीले राजिनामा दिनु उत्तम हुने नेता पाण्डेको भनाइ छ । राजीनामा नदिएको खण्डमा संवैधानिक व्यवस्थाअनुसार प्रक्रिया अघि बढ्ने उहाँले बताउनुभयो ।

संविधानले नै एक महिनाभित्र विश्वासको मत लिनुपर्ने व्यवस्था गरेपछि प्रदेशसभाको विशेष अधिवेशन डाक्नुको औचित्य नरहने नेता पाण्डेले उल्लेख गर्नुभयो । प्रदेश सरकारका भौतिक पूर्वाधार विकासमन्त्री एवं माओवादी केन्द्रको संसदीय दलका नेता हरिबहादुर चुमानले केन्द्रमा सत्ता समीकरण फेरिएपछि त्यसको प्रभाव प्रदेशमा पनि स्वाभाविकरुपमा पर्ने बताउनुभयो । "सङ्घ सरकारबाट हटे पनि प्रदेशबाट एमाले हटेको छैन, तर यो अवस्था अब धेरै दिन रहँदैन", उहाँले भन्नुभयो, "हामी पनि केन्द्रको निर्देशन कुरेर बसिरहेका छौँ, माओवादीले मुख्यमन्त्रीलाई दिएको समर्थन फिर्ता लिएपछि स्वाभाविकरुपमा नयाँ सरकार गठनको प्रक्रिया अघि बढ्छ ।"

नेता चुमानले दुई पटक एमाले र एक पटक कांग्रेसको नेतृत्वमा सरकार बनाउन माओवादीले भूमिका खेलेको भन्दै अबको मुख्यमन्त्रीमा आफूहरुको दाबी रहने बताउनुभयो । "माओवादीले मुख्यमन्त्री पाउनुपर्छ, यो स्वाभाविक दाबी हो, यसपाली कांग्रेसले हामीलाई सघाउनुपर्छ", उहाँले भन्नुभयो, "आलोपालो नेतृत्वमा जाँदा पछि कांग्रेसले पाउँछ, अहिले माओवादीलाई दिनुपर्छ ।" गण्डकी प्रदेश सरकारको नेतृत्व लिने विषयमा प्रधानमन्त्री एवं पार्टी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'सँग भेटेर कुरा राखेको नेता चुमानले बताउनुभयो । "सरकारलाई विधि र प्रणालीमा चलाउन हामी सक्षम छौँ, मुख्यमन्त्रीको नेतृत्व लिन म तयार छु", उहाँले भन्नुभयो । उता नेपाली कांग्रेस पनि पहिले आफ्नै नेतृत्वमा सरकार बनाउने गृहकार्यमा रहेको छ । २७ सदस्यसहित कांग्रेस प्रदेशसभाको सबैभन्दा ठूलो दल हो । कांग्रेस संसदीय दलका नेता पाण्डेले गण्डकी प्रदेश सरकारको नेतृत्व कांग्रेसले नै गर्ने बताउनुभयो । "सरकारको नेतृत्व कांग्रेस र माओवादीले आलोपालो गर्ने गरी ठोस सहमति त भएको छैन, तर आलोपालो हुन सक्छ", नेता पाण्डेले भन्नुभयो । उहाँले पहिलो चरणमा कांग्रेसले नै सरकारको नेतृत्व गर्छ र त्यसपछि माओवादी पार्टीसँग आलोपालोको सहमति हुनसक्छ । हालै सम्पन्न राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचनमा गत मङ्सिरमा सम्पन्न भएको आमनिर्वाचनमा गठबन्धन गरेका दलहरुबीचको समीकरण ब्युँतिएपछि यसको प्रभाव सङ्घीय सरकारमा परिसकेको छ । सङ्घीय सरकारबाट एमाले बाहिरिएको छ भने नेपाली कांग्रेस र नेकपा (एकीकृत समाजवादी) सत्तारोहणको तयारीमा छन् ।

अब यसका प्रभाव देशका प्रदेश सरकारमा पनि पर्ने देखिएको छ । सोहीबमोजिम गण्डकी प्रदेश सरकारमा पनि परिवर्तनको सङ्केत देखिएको बताइएको छ ।

## कास्की र नवलपुरमा क्षयरोगका बिरामी बढे

**पोखरापत्र संवाददाता**
पोखरा, ९ चैत



क्षयरोगको उपचार गर्ने दक्ष जनशक्ति सहितको अस्पताल भएको कास्कीमा प्रदेशका अन्य जिल्लामा भन्दा बढी क्षयरोगका बिरामी भेटिएका छन् ।

पछिल्लो ८ महिनामा कास्कीमा अन्य जिल्लामा भन्दा धेरै ३ सय ६ जना क्षयरोगका बिरामी भेटिएको विहिबार पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा जानकारी गराइएको हो । चालु बर्षको फागुन मसान्तरसम्म प्रदेशका सबैभन्दा कम मनाङका ३ र मुस्ताङका ४ जना क्षयरोगका बिरामी भेटिएको सेफ द चिल्ड्रेनका क्षयरोग संयोजक राजेश यादवले बताए । त्यसै गरी कास्की पछि नवलपुरमा चालु बर्षको फागुन सम्म २ सय ९१, स्याङ्जामा १ सय ५२, तनहुँमा १ सय ५०, बाग्लुङमा १ सय २३, गोरखामा १ सय ३, लमजुङमा ४८,पर्वतमा ४३ र म्याग्दीमा ३३ जना क्षयरोगका बिरामी भेटिएको संयोजक यादवले बताए ।

गण्डकी प्रदेशमा गत आर्थिक वर्ष २०७८/०७९ मा क्षयरोगका कारण ९२ जनाको मृत्यु भएको छ । विहिबार सार्वजनिक गरिएको तथ्याङ्क अनुसार गण्डकी प्रदेशमा गत बर्ष ८ सय ९९ महिला सहित २ हजार ४ सय ४७ जना क्षयरोगका बिरामी फेला परेका थिए । गण्डकी प्रदेशको स्वास्थ्य निर्देशनालयले दिएको तथ्याङ्क अनुसार गण्डकी प्रदेशमा यस चालु बर्षको ८ महिनामा १ हजार २ सय ५६ जना क्षयरोगका नयाँ बिरामी भेटिएका छन् । यस चालु बर्षको फागुनसम्म ४ सय ६५ महिला र पुरुष ७ सय ९१ जना क्षयरोगका बिरामी थपिएका हुन् ।

उनका अनुसार अब गण्डकी प्रदेशमा क्षयरोग भुषको आगो फैलेलै फैलिएका कारण क्षयरोगका कारण चालु बर्षमा दैनिक जसो ४ जना क्षयरोगका कारण मृत्यु हुन थालेको दाबी गरे । क्षयरोगका बिरामीहरुले उच्च सावधानि अपनाउन नसक्दा धेरै जनालाई सार्न सक्ने हुदा निःशुल्क रुपमा उपचार हुने यस रोगको समयमै पहिचान गरे निको हुने उनले दाबी गरे । क्षयरोग उपचार केन्द्र पोखराका निमित्त निर्देशक अरुण कुमार झाले क्षयरोगको सोलीड कल्चर परिक्षण पोखरामा अब हुने भएको बताए । उक्त परिक्षण काठमाण्डौंमा मात्र हुदा आफुहरुले महिना दिनसम्म रिपोर्ट कुर्नुपर्ने बाध्यता अब हट्ने भएको उनले बताए । क्षयरोगका बिरामीहरुको निशुल्क उपचार हुने हुदा हुदै यस रोगलाई नियन्त्रण गर्न सबैको साथ र सहयोग आवश्यक भएको झाले बताए । उनले भने, "नकारात्मक सोच्छन् भनेर धेरै खुल्न चाहादैनन, 'बिरामीले टिभी छ भनेर पत्याउनुहुन्न, एक हप्ता औषधि खाएर छाड्ने बिरामी पनि भेटिन्छन्, निःशुल्क औषधी उपलब्ध हुदा पनि सरकारी स्वास्थ्य संस्थामा कम आउछन् ।" स्वास्थ्य कार्यालय कास्कीका निमित्त प्रमुख बद्री आचार्यले मार्च २४ (चैत १० शुक्रबार) विश्व क्षयरोग दिवस "हो हामी क्षयरोग अन्त्य गर्छौं "भन्ने मुल नाराका साथ मनाउने भएको बताए । मधुमेह भएकाहरुलाई क्षयरोग हुने सम्भावना बढी हुने हुदा उच्च सावधान अप्नाउदै नियमित रुपमा औषधी सेवन गर्न सुझाव दिए । क्षयरोग एक सरुवा रोग हो, जुन माइकोव्याक्टेरियम ट्यूबर कुलोसिसले सूक्ष्म कीटाणुबाट लाग्छ । यो रोग एक व्यक्तिबाट अर्को व्यक्तिमा श्वासप्रश्वासको माध्यमबाट सर्छ भने एक जना क्षयरोगीले एक बर्षमा १५ जना सम्म सार्न सक्ने चिकित्सकहरुले बताउदै आएका छन्। क्षयरोगको उपचारका लागि गण्डकीमा ७४९ डट्स केन्द्र छ, ३ वटा औषधी प्रतिरोधी क्षयरोग उपचार केन्द्र,१० वटा उपकेन्द्रहरु, ७२ वटा माईक्रोस्कोपी निदान केन्द्र र ८ वटा जिन एक्सपर्ट केन्द्रहरु रहेको केन्द्रले जनाएको छ । कार्यक्रममा नेपाल पत्रकार महासंघ गण्डकी प्रदेशका सचिव यदुनाथ बन्जरा, महासंघ कास्कीका उपाध्यक्ष रामप्रसाद तिमिल्सिनाले क्षयरोग नियन्त्रण गर्न अब थप जिम्मेवार बहन गर्नुपर्नेमा जोड दिए । पत्रकार फडिन्द्र अकिन्चनले क्षयरोगीका बिरामीलाई उपचार केन्द्रले समेत राम्रो रेस्पोन्स नगरेका कारण केही बिरामी काठमाण्डौं जानुपर्ने बाध्यता बनाएको दाबी गरे ।

## नेपाली सेनाको संख्या नेपाल सरकारले निर्धारण गर्ने हो : प्रधानसेनापति शर्मा

**पोखरापत्र संवाददाता**
पोखरा, ९ चैत

प्रधानसेनापति प्रभुराम शर्माले नेपाललाई नेपाली सेना के कति चाहिन्छ भन्ने कुरा सरकारले निर्धारण गर्ने बताउनुभएको छ ।

नेपाली सेना भूपू सम्मेलन- २०७९ को आज पश्चिम पृतना पोखरामा उद्घाटन गर्दै उहाँले नेपाली सेनाका बारेमा नचाहिँदो कुरा प्रचार हुने गरेको भन्दै आफ्नो कार्य र जिम्मेवारी पूरा गर्न नेपाली सेना के कति चाहिन्छ भन्ने कुरा सरकारले नै निर्धारण गर्ने हो भन्नुभएको हो । उहाँले भन्नुभयो, "यो कुनै आइएनजिओ/एनजिओमा बसेर आफैँ स्वघोषित प्राज्ञ, विज्ञ, सुरक्षाविज्ञ भन्नेहरूले भन्ने होइन, नेपाल सरकारको काम हो ।" प्रधानसेनापति शर्माले यस्ता अनर्गल र झुठा प्रचारबाट टाढा रहन पनि आग्रह गर्नुभयो । उहाँले नेपाली सेनाले संविधानले तोकेको आफ्नो जिम्मेवारी प्रभावकारी तवरले निर्वाह गर्दै आएको पनि बताउनुभयो। देशको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधिनता र राष्ट्रिय एकताको रक्षाका साथै विकास निर्माण, विश्व शान्ति स्थापना एवं देशमा आवश्यक परेका अन्य काममा लाग्नु नै सेनाले आफ्नो जिम्मेवारी ठानेको प्रधानसेनापति शर्माले बताउनुभयो । प्रधानसेनापति शर्माले लामो सैनिक जीवनका दौरान सिकेको र स्मरण गरेको अनुशासन, मूल्य, मान्यता तथा ज्ञान, सीपहरूलाई आफ्नो बसोबास गरेको समाजमा प्रयोग गर्दै सदैव जनताको सेवामा लाग्न भूपू सैनिकहरूलाई आग्रह गर्नुभयो । पूर्वसैनिक परिवारलाई सहयोग र स्वरोजगार गर्ने उद्देश्यले स्थापना भएको सैनिक कल्याणकारी कोषको अधिकतम उपयोग गरी आयमूलक स्वरोजगारमार्फत जीवनस्तर उकास्ने लक्ष्य लिइएको प्रधानसेनापति शर्माले बताउनुभयो । सैनिक कल्याणकारी कोषमा हाल रु ७३ अर्ब, १३ करोड रकम रहेको


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## आँधीखोला फेकोफन अध्यक्षमा क्षेत्री

**पोखरापत्र संवाददाता**
पोखरा, ८ चैत



सामुदायिक वन उपभोक्ता महासंघ नेपाल आँधीखोला गाउँपालिका स्याङजाको तेश्रो साधारण सभा तथा दोश्रो अधिवेशनले देवबहादुर क्षेत्रीको अध्यक्षतामा नयाँ कार्य समिति सर्वसम्वत चयन गरेको छ ।

पाँच बर्षे कार्यकाल रहेको सो समितिको उपाध्यक्षमा डिलकुमारी लामिछाने, सचिवमा कल्पना पौडेल, कोषाध्यक्ष कुलप्रसाद पोखेल, सहसचिव विष्णुप्रसाद पौडेल र सदस्यहरुमा कल्पना सुनार,रुद्र केसी, भिमप्रसाद पौडेल,मेघनाथ ढकाल, सुनिता ढकाल, भीमा पौडेल, नारायणप्रसाद अधिकारी, विष्णुप्रसाद सुवेदी, टुका रिमाल रहनु भएको छ । आँधीखोला गाउँपालिकाका अध्यक्ष विश्वराज पौडेलले अधिवेशनको उद्घाटन गर्दै स्थानीय तहलाई अधिकार सम्पन्न वनाएर वन पैदावारको सहजरुपमा उपयोग र निकासी सहज बनाउनु पर्ने आवश्यकता औल्याउनुभयो । गाउँपालिकाले स्थानीय वन ऐन निर्माण गरि सकेको छ कार्यविधि र नियमावली बनाउने तयारी गरिरहेको जानकारी गराउँदै उहाँले आवश्यकता अनुसार परिमार्जन गर्दै उपभोक्ता समुहसंगको सहकार्यमा प्रभावकारी कार्यान्वयन गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो । विभिन्न संघसंस्थालाई मानविय, सामाजिक र आर्थिक विकासमा उपयोग गर्दै पालिकाको समग्र विकासमा सक्दो सहयोग गर्ने विश्वास व्यक्त गर्दै पौडेलले भन्नुभयो कृषि र उद्यमसंग वनलाई जोड्ने आवश्यकता छ । गाउँपालिकाका उपाध्यक्ष एवम् सामुदायिक वन उपभोक्ता महासंघ गण्डकी प्रदेशका सदस्य सिता थापाले नेतृत्व विकाससंगै आयआर्जनका कार्यक्रम सञ्चालनमा सक्दो सहयोग गर्ने प्रतिवद्धता व्यक्त गनुभयो ।

सामुदायिक वन उपभोक्ता महासंघका केन्द्रीय सदस्यव्दय तारा शर्मा र हरि बाँस्तोलाले उपभोक्ताले संरक्षण, प्रवर्द्धन र विकासमा अमूल्य योगदान पुर्‍याउदै वनलाई आम्दानी श्रोतका रुपमा विकास गर्न तीनै तहका सरकार जिम्मेवार भएर अघि बढ्नुको विकल्प नभएको बताउनुभयो । सामुदायिक वन उपभोक्ता महासंघ स्याङजाका अध्यक्ष दोवबहादुर कार्कीले सामुदायिक वनको अभियानमा सबैको साथ र सहयोगको अपेक्षा गर्दै वन तथा वातावरण संरक्षणमा स्थानीय तह जिम्मेवार हुनु पर्ने आवश्यकता औल्याउनुभयो ।

स्थानीय महासंघका अध्यक्ष देवबहादुर क्षेत्रीको अध्यक्षतामा भएको कार्यक्रममा प्रदेश महासंघ सचिवालय सदस्य उमाकान्त शर्मा, सदस्य आँशु विश्वकर्मा, पुतलीबजार महासंघका उपाध्यक्ष तिलकुमारी रेग्मी, स्थानीय महासंघ उपाध्यक्ष भक्तबहादुर केसी, सचिव सिता नेपाली लगायतले सामुदायिक वनको महत्व माथि चर्चा गर्नुभएको थियो ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# फेवा महोत्सवले होटलको अकुपेन्सी बढाउने आसा



**पोखरापत्र संवाददाता**
पोखरा, ९ चैत

नयाँ बर्षका अवसरमा पोखराको लेकसाइडमा आयोजना हुने १८ औं फेवा नबवर्ष महोत्सवलाई सफलतापूर्वक सम्पन्न गर्न मूल आयोजक समितिले काम थालेको छ। यसका लागि समिति अन्तर्गत विभिन्न उपसमितिहरु गठन गरिएको आयोजक होटल संघ पोखरा नेपालले जनाएको छ।

चैत २९, ३० र वैशाख १ गते पोखराको लेकसाइड स्थित अम्मटदेखि हल्लनचोकसम्मको सडकमा यो महोत्सव हुन लागेको छ। लेकसाइडका विभिन्न स्ट्रिट अन्तर्गत होटलहरु समेट्ने गरी एरिया संयोजक तोकेर काम अगाडि बढाइएको संघका अध्यक्ष लक्ष्मण सुवेदीले जानकारी दिए। महोत्सवका संयोजक समेतका रहेका सुवेदीले सल्लाहकारसहितको बैठकले उपसमितिका संयोजक र एरिया संयोजकहरु तोक्ने काम सम्पन्न गरेको बताए। कार्यक्रममा बोल्दै सुवेदीले अहिले होटलहरुमा ८० देखि ९० प्रतिशत अकुपेन्सी हुनुपर्नेमा पर्यटकीय सिजनमा नै आएर १५ देखि २० प्रतिशत मात्र अकुपेन्सी हुँदा होटलललाई संचालन खर्च धान्न पनि मुश्किल परेको बताए। गत माघ १ गते पोखरामा भएको यति एयरको जहाज दुर्घटनाका कारण पनि पर्यटनमा नकारात्मक असर परेको उनले स्मरण गराए। कार्यक्रममा होटल संघ नेपालका केन्द्रिय सदस्य एवं संघका पूर्व अध्यक्ष भरतराज पराजुलीले पर्यटन प्रवर्द्धन र संस्कृतिको संरक्षण नै महोत्सवको मूल उद्धेश्य भएको बताए। यतिको जहाज दुर्घटनाले पर्यटनमा नकारात्मक असर परेको बताउँदै उनले सिजनको वेला होटलको अकुपेन्सी २० प्रतिशत हुनु दुःखद पक्ष भएको भनाई राखे। संघका सल्लाहकार विश्वशंकर पालिखेले महोत्सवमा नयाँपन दिन सके यसले सफलता प्राप्त गर्ने बताउँदै चिनिया संस्कृति सम्बन्धि कार्यक्रमलाई पनि महोत्सवमा समेट्न सुझाव राखे। अर्का सल्लाहकार गोविन्दराज पहारीले पर्यटन क्षेत्र संवेदनशिल उद्योग भएको बताउँदै यसलाई जोगाउन सकारात्मक पक्षहरुको उजागर गर्नुपर्ने सुझाव राखे। सल्लाहकार लक्ष्मीवहादुर भट्टराईले सुत्नेवेला बैंकले साँवा र ब्याजको ताकेता गर्दा व्यवसायी अफ्ठ्यारोमा परेको दुःखेसो पोखे। कोभिड १९ बाट थला परेको पर्यटनलाई पुनरुत्थान गर्दै पर्यटकीय गतिविधिमा चहलपहल बढाउन महोत्सव आयोजना गरिएको हो। महोत्सवमा निःशुल्क प्रवेशको व्यवस्था रहेको छ। अंग्रेजी नयाँ बर्ष जस्तै नेपाली नयाँ बर्षलाई पनि भव्यताका साथ मनाउँदै खाना, संस्कृति र संगीतको पक्षलाई महोत्सवले मुख्य जोड दिने छ। फेवा तालको संरक्षणमा समेत महोत्सवले सन्देश प्रवाह गर्ने संघको विश्वास छ। कार्यक्रममा संघका प्रथम उपाध्यक्ष एवं महोत्सवका उपसंयोजक दीपक श्रेष्ठ, महासचिव राजेन्द्र ढकाल र निवर्तमान अध्यक्ष विकल तुलाचनले पनि भनाई राखेका थिए।



सामुहित ब्रतबन्धः पोखराको विन्ध्यबासिनी मन्दिरमा बिहीवार सामुहिक ब्रतवन्ध गर्दै किशोरहरु। यस वर्षको साइतको दृष्टिले उपयुक्त दिन (चैतको प्रतिपदा) भएकोले वर्षको अन्तिम दिनको अवसरमा सामुहिक ब्रतबन्धमा धेरै जना सहभागि भएका थिए। तस्विरः दीननाथ बराल

# मिस्टर पोखरा शारीरिक सुगठन प्रतियोगितामा गण्डकी सहित ४ प्रदेशका खेलाडी सहभागी हुदै

**पोखरापत्र संवाददाता**
पोखरा, ९ चैत

शुक्रबार हुने मिस्टर पोखरा शारीरिक सुगठन प्रतियोगितामा गण्डकी सहित ४ प्रदेशका खेलाडी सहभागि हुने भएका छन्।

कास्की बडिबिल्डिङ एण्ड फिटनेश एशोशिएसनको आयोजनामा शुक्रबार पोखरा सभागृहमा हुने उक्त प्रतियोगितामा गण्डकी सहित लुम्बिनी, कर्णाली र सुदुरपश्चिमाञ्चल गरी ४ प्रदेशबाट खेलाडीहरु सहभागि हुने भएको एशोशियसनका निवर्तमान अध्यक्ष राजु थापाले बताए। प्रतियेगितामा करिब १० जना महिला सहित ८० जना खेलाडीहरु सहभागि हुने भएको उनले जनाए। विभिन्न ६ वटा तौल उमेर समुहमा प्रतिष्प्रर्धा हुने भएको छ। ५५ केजी तौल समुह त्यसै गरी ६०, ६५, ७०, ७५ र ७५ माथिको उमेर तौल समुहमा प्रतिष्प्रर्धा हुने भएको छ। विभिन्न बिधाका बिजेताहरुलाई जनही २०/२० हजार उपविजेतालाई १२/१२ हजार र तेश्रो हुनेलाई ७/७ हजार साथमा शिल्ड मेडल प्रमाणपत्र वितरण गरिने भएको एशोशियसन कास्कीका अध्यक्ष राकेश जोशीले बताए। मेन र वुमन्स फिजिक्स तर्फको बिधाका बिजेताले भने जनही २५/२५ हजार पुरस्कार प्राप्त गर्ने छन भने विजेताले १२ हजार र तेश्रो हुनेले ७/७ हजार प्राप्त गर्ने छन। विभिन्न बिधाका विजेताहरुबाट फाइनल राउण्ड हुने भएको छ।

ओभरलमा विजेता हुने खेलाडीहलाई १ लाख ५० हजार पुरस्कार व्यबस्था गरिएको एशोशियसनका सदस्य नुना गुरुङले बताए। संघले स्वास्थको लागि खेलकुद राष्ट्रका लागि खेलकुद मुल नाराका साथ आयोजना गर्ने उक्त प्रतियोगिताको उद्घाटन पोखराका मेयर धनराज आचार्यबाट गर्ने तयारी गरेको छ। महिला खेलाडीहरु समेत उत्पादन गर्ने उद्धेश्यले एशोशियसनले यस पटक महिला तर्फको बिधा पहिलो पटक समावेस गरेको निवर्तमान अध्यक्ष थापाले बताए।

# भूपू सैनिक सम्मेलन पश्चिम पृतनामा सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, ९ चैत

नेपाली सेना पश्चिम पृतना मातहतका सात जिल्लामा स्थायी बसोबास गर्ने भूतपूर्व सैनिकका लागि लक्षित गरी आयोजना भएको भूतपूर्व सैनिक सम्मेलन सुरु भएको छ।

प्रधानसेनापति प्रभुराम शर्माले यहाँस्थित फूलबारी ब्यारेकमा बिहीबार उद्घाटन गर्नुभएको सम्मेलनमा मनाङ, कास्की, स्याङ्जा, पर्वत, बागलुङ, म्याग्दी र मुस्ताङमा स्थायी बसोबास गर्ने तीन हजार आठ सय ९४ भूपू सैनिकको सहभागीता छ। नेपाली सैनिक कल्याणकारी बोर्डको स्थापना भएसँगै निरन्तररुपमा विभिन्न क्षेत्रमा सेनाले भूपू सैनिक सम्मेलन गर्दैआएको छ। हाल निवृत्तिभरणमा राजीनामा स्वीकृति भएका भूपू सैनिकको सङ्ख्या ८१ हजार छ सय ४३ रहेको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ। पारिवारिक निवृत्तिभरण उपभोग गर्नेको सङ्ख्या १५ हजार आठ सय ७२ समेत गरी कूल निवृत्तिभरण उपभोग गर्नेको सङ्ख्या ९७ हजार पाँच सय १५ जना रहेको छ।

सम्मेलनमा भूपू सैनिकका प्रतिनिधिद्वारा मार्च, झाँकी प्रदर्शन, राष्ट्रिय गीतमा सामूहिक नृत्य, पिटी र सैनिक ब्याण्ड प्रदर्शन, ज्येष्ठ सैनिक सम्मान, 'ह्वील चियर' तथा बैसाखी वितरण, चारभन्दा बढी सन्ततिलाई सेनामा प्रवेश गराउने आमा/बाबुलाई सम्मान, शताब्दी पुरुष/महिला सम्मान र अन्तर्क्रिया तथा छलफल हुनेछ।

अवकाश प्राप्त सैनिक एवं पारिवारिक निवृत्तिभरणमा रहेका व्यक्तिप्रति लक्षित सम्मेलनले विभिन्न दर्जा, नियुक्ति, युनिट र स्थानमा तैनाथ रही योगदान पुऱ्याएका पूर्वसैनिकको पुनर्मिलनको ठूलो अवसर प्रदान गरेको छ। सम्मेलनबाट सैनिक नेतृत्वले विभिन्न स्थानमा पुगेर पूर्वसैनिक एवं तिनका परिवारसँग अन्तर्क्रिया गर्ने हुँदा सेनाले आफ्ना हिताधिकारीको कल्याणका लागि गरिरहेका प्रयासको मूल्याङ्कन तथा भावी योजना तर्जुमा गर्न महत्वपूर्ण सुझाव प्राप्त हुनेछ। सेना, सैनिक नेतृत्व र हिताधिकारीबीच आत्मीयता, भरोसा एवं विश्वास वृद्धि हुने यस्तो जमघटबाट सम्पूर्ण हिताधिकारीको सामाजिक प्रतिष्ठा र आत्मसम्मानसमेत वृद्धि हुने सेनाले अपेक्षा गरेको छ। सेनाको नं ३ बाहिनी अड्डा, खैरेनीटार, तनहुँमा शुक्रबार गोरखा, लमजुङ र तनहुँमा स्थायी बसोबास गर्ने भूपू सैनिकको सम्मेलन हुनेछ। उक्त सम्मेलनमा ११ हजार तीन सय १७ सहभागी हुने जानकारी दिइएको छ। पूर्वसैनिकमा देश तथा संस्थाप्रतिको आस्था र भरोसालाई सम्मान गर्ने उद्देश्य रहेको सम्मेलन उनीहरूले राष्ट्रसेवामा पुऱ्याएको योगदानको कदर गर्ने अवसरका रुपमा रहने गरेको छ।

# पोखरा शिक्षण अस्पतालको आकस्मिक सेवा तयारी

**पोखरापत्र संवाददाता**
पोखरा, ९ चैत

पोखरा विश्वविद्यालयको शिक्षण अस्पतालले आगामी वैशाखदेखि आकस्मिक सेवा सुरु गर्ने तयारी गरेको छ। विसं २०७९ भदौ २२ गतेदेखि ओपिडी सञ्चालन गर्दै आएकामा अस्पताललाई पूर्णरूपमा सञ्चालन गर्ने तयारी गर्दै आकस्मिक सेवा सञ्चालन गर्न लागिएको हो।

पोखरा विश्वविद्यालय स्वास्थ्य विज्ञान सङ्कायका डीन डा अमर नागिलाले शिक्षण अस्पताल सञ्चालनको सम्पूर्ण प्रक्रिया अन्तिम चरणमा रहेको जानकारी दिनुभयो। गण्डकी प्रदेशको सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयका सचिवको संयोजकत्वमा गठित वातावरणीय अध्ययन प्रतिवेदन जाँचबुझसम्बन्धी प्राविधिक समितिलाई विश्वविद्यालयले शिक्षण अस्पतालको वातावरणीय परीक्षण प्रतिवेदन प्रस्तुत गरिसकेको र मन्त्रालयले त्यसको चाँडै टुङ्गो लगाउने उहाँले बताउनुभयो। "मन्त्रालयले काम गर्दै गर्नुस् भनेको छ, तर सञ्चालन अनुमतिपत्र पाएपछि एक सय शय्याको अस्पतालको रूपमा हामी पूर्णरूपमा सेवा दिन्छौँ", उहाँले भन्नुभयो। पोखरा विश्वविद्यालय शिक्षण अस्पतालका निर्देशक डा दीपेन्द्रकुमार यादवले अस्पताल सञ्चालनका लागि जनशक्ति व्यवस्थापन भइसकेको र आवश्यक फर्निचर तथा उपकरणको यथेष्ट व्यवस्थापन गरी वैशाखको पहिलो हप्तादेखिआकस्मिकसेवासञ्चालन गर्ने तयारीमा रहेको जानकारी दिनुभयो। विश्वविद्यालयका इन्जिनियर सुदीप अधिकारीले अस्पतालको सम्पूर्ण निर्माण कार्य सम्पन्न भइसकेको बताउनुभयो। पोखरा विश्वविद्यालय शिक्षण अस्पताल पोखरा महानगरपालिका-३०, खुदी, ढुङ्गेपाटनमा अवस्थित पोखरा विश्वविद्यालय प्राज्ञिक भवन कम्प्लेक्सको पूर्वपट्टि रहेको ११ रोपनी तीन आना जग्गामा निर्माण गरिएको छ।

## नेपाली...

र १० लाख हिताधिकारीलाई सो रकमको ब्याजबाट विभिन्न सहुलियत प्रदान गरिएको उहाँले जानकारी दिनुभयो। कार्यक्रममा ज्येष्ठ भूपू सैनिक ९२ वर्षीय गोमानसिंह कार्की र ज्येष्ठ एकल महिला ८९ वर्षीया मषिकलता थापा क्षेत्रीलाई सम्मान गरिएको थियो। यसैगरी लघु उद्यम व्यवसायीहरुलाई सम्मान तथा पुरस्कार वितरण, उद्यमी व्यवसायीहरूलाई महिला उद्यमशीलता कर्जाको चेक हस्तान्तरण गरिएको थियो। कार्यक्रममा भूपू सैनिकहरूबाट मार्चपास, जिल्लागतरूपमा भूपू सैनिकहरू तथा एकल महिलाहरूको मार्चपास, स्थान विशेषका झाँकीहरूको प्रदर्शन, खुकुरी ड्रिल, तेक्वान्दो, पिटी तथा मार्चपास र विभिन्न संस्कृतिहरूको प्रदर्शनी गरिएको थियो।


**डढेलोबाट बचौं र बचाऔं।**

◆ सलाई, लाईटरजस्ता प्रज्वलनशील बस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
◆ जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रो गरी निभाऔं,
◆ हाम्रो सानो असावधानीले जंगलमात्र होईन आसपासका वस्ती समेत उजाड हुन सक्छन्,
◆ जन, धन र वनको संरक्षण गरौं,

*सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं।*

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**



**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०, ९८६६४१५३८०



**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरूषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता**: अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्धार सम्वन्धी रोग**: छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।



**कपालको उपचार**

**कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः **पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

कमाउन जति गाह्रो छ, गुमाउन ज्यादै सजिलो हुन्छ।
– स्वटेमार्डन

## सम्पादकीय

# सेनाको बारेमा हल्का टिप्पणी नगर

नेपाली सेनाका बारेमा बेला बेला संख्या घटाउने बहस हुन्छ। देशका प्रमुख दलका शिर्ष नेताले सेनाका बारेमा सतही टिप्पणी गरेर विवादमा ल्याउन खोज्छन्। सरकारमा रहेका मन्त्री हुन या नेताका सेनाबारेका टिप्पणी सुरक्षा प्रणाली कमजोर बनाउने खालका छन।उपप्रधानमन्त्रीले समेत सेनाका बारेमा हल्का टिप्पणी जिम्मेवारीबोध नहुनु हो। रक्षामन्त्रीले नेपाली सेनाका बारेमा गरेका टिप्पणी विवादास्पद हुने गरेका थिए। मन्त्री, सत्तारूढ दलका नेता देखि नागरिक समाजले समेत सेनाका बारेमा गरिएका टिप्पणी सेनालाई नबुझी गरिएको सतही हुन।

प्रधानसेनापति प्रभुराम शर्माले नेपाललाई नेपाली सेना के कति चाहिन्छ भन्ने कुरा सरकारले निर्धारण गर्ने बताएर सेनाको दुश्मन नखोज्न चेतावनी हो। नेपाली सेना भूपू सम्मेलन-२०७९ को बिहीबार पश्चिम पृतना पोखरामा उद्घाटन गर्दै उनले नेपाली सेनाका बारेमा नचाहिँदो कुरा प्रचार हुने गरेको भन्दै आफ्नो कार्य र जिम्मेवारी पूरा गर्न नेपाली सेना के कति चाहिन्छ भन्ने कुरा सरकारले नै निर्धारण गर्ने बताए। 'यो कुनै आइएनजिओ/एनजिओमा बसेर आफैं स्वघोषित प्राज्ञ, विज्ञ, सुरक्षाविज्ञ भन्नेहरूले भन्ने होइन, नेपाल सरकारको काम हो।'

प्रधानसेनापति शर्माले यस्ता अनर्गल र झूटा प्रचारबाट टाढा रहन पनि आग्रह गरे। उनले नेपाली सेनाले संविधानले तोकेको आफ्नो जिम्मेवारी प्रभावकारी तवरले निर्वाह गर्दै आएको पनि बताए। देशको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधिनता र राष्ट्रिय एकताको रक्षाका साथै विकास निर्माण, विश्व शान्ति स्थापना एवं देशमा आवश्यक परेका अन्य काममा लाग्नु नै सेनाले आफ्नो जिम्मेवारी ठानेको प्रधानसेनापति शर्माको अभिब्यक्तले पुष्टि गराउँछ।

प्रधानसेनापति शर्माले लामो सैनिक जीवनका दौरान सिकेको र स्मरण गरेको अनुशासन, मूल्य, मान्यता तथा ज्ञान, सीपहरूलाई आफ्नो बसोबास गरेको समाजमा प्रयोग गर्दै सदैव जनताको सेवामा लाग्न भूपू सैनिकहरूलाई आग्रह गरे। पूर्वसैनिक परिवारलाई सहयोग र स्वरोजगार गर्ने उद्देश्यले स्थापना भएको सैनिक कल्याणकारी कोषको अधिकतम उपयोग गरी आयमूलक स्वरोजगारमार्फत् जीवनस्तर उकास्ने लक्ष्य लिइएको प्रधानसेनापति शर्माले बुझाउन खोजेका हुन। सैनिक कल्याणकारी कोषमा हाल रु ७३ अर्ब, १३ करोड रकम रहेको र १० लाख हिताधिकारीलाई सो रकमको ब्याजबाट विभिन्न सहुलियत प्रदान गरिएको उनले जानकारी दिए।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : मन चञ्चल | तुला | : मानसिक तनाब |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : सम्मान मिल्नेछ | मकर | : शत्रुको भय |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : झमेला बढ्ने |
| कन्या | : आर्थिक समस्या | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# च्याङ्ग्राको भुवाको गुणस्तर अध्ययन

**पोखरापत्र संवाददाता**
मुस्ताङ, ९ चैत

गुणस्तरीय पश्मिना उत्पादनका लागि च्याङ्ग्रा भुवाको गुणस्तर निर्धारण गर्ने उद्देश्यले मुस्ताङका च्याङग्रा किसानलाई भुवाको नमूना सङ्कलन तालिम सुरू भएको छ। एक साता लामो सो तालिमपछि स्थानीय किसानका एक सय ६० च्याङ्ग्रा गोठमा गई तालिमप्राप्त किसानहरूले अन्तर्राष्ट्रिय विज्ञको निगरानीमा आठ सयवटा च्याङ्ग्राको भुवा नमूना सङ्कलन गरिने छ।

नेपालमा पहिलोचोटी गर्न लागिएको च्याङ्ग्राका भुवाको गुणस्तर अध्ययनले नेपाली गुणस्तरीय पश्मिनालाई अन्तर ्राष्ट्रियस्तरमा स्थापित गर्न सहज हुने विश्वास लिइएको छ। मुस्ताङमा उत्पादन हुने च्याङ्ग्राको ऊनबाट बन्ने पश्मिनाको गुणस्तर र यसले पाउने बजार मूल्यको वैज्ञानिक अध्ययन र विश्लेषण गर्न यो तालिम तथा भुवाको नमूना सङ्कलन गर्न लागिएको हो। यही चैत १३ गतेसम्म च्याङ्ग्रा भुवा सङ्कलन तालिम र चैत १४ देखि २२ सम्म भुवाको नमूना सङ्कलन गरिनेछ। युरोपियन युनियनको सहयोगमा सञ्चालित इयु-नेपाल व्यापार तथा लगानी कार्यक्रमअन्तर्गत अन्तर्राष्ट्रिय व्यापार केन्द्रले नेपाल पश्मिना उद्योग सङ्घ, च्याङ्ग्रा पश्मिना किसान सङ्घ तथा नेपाल कृषि अनुसन्धान परिषद्को सहकार्यमा मुस्ताङको घारापजोङ, दामोदरकुण्ड, बाराजोङ-मुक्तिनाथ, लोमाङथान र लो-घेकर गाउँपालिकामा यो तालिम तथा भुवा सङ्कलन कार्यक्रम सञ्चालन गरिँदैछ। उच्च गुणस्तरको ठानिएको नेपाली च्याङ्ग्रा पश्मिनाको माग स्वदेशी तथा विश्व बजारमा बढ्दै गएको भए पनि यसको वास्तविक गुणस्तरको वैज्ञानिक परीक्षण हुनसकेको थिएन। च्याङ्ग्रापालक कृषकबाट सङ्कलन हुने भुवाको गुणस्तरबारे पश्मिनाका ग्राहकहरू जानकार हुनु आवश्यक छ। कृषकका एक सय ६० गोठमा रहेका च्याङ्ग्राका बथानबाट प्रतिगोठ पाँच-पाँचवटा गरी आठ सय वयस्क च्याङ्ग्रा छनोट गरिनेछ। सङ्कलित नमूनालाई परीक्षणका लागि सुविधासम्पन्न र अन्तर्राष्ट्रिय मान्यताप्राप्त पशु फाइबर परीक्षण प्रयोगशालामा अध्ययनका लागि पठाइने छ।

यस तालिम कार्यक्रममा संयुक्त अधिराज्यको ओडिसा सेन्टर लिमिटेडकी डा क्यारोल कर्भिडले आठ जना स्थानीय ऊन सङ्कलक किसानलाई ऊन कात्ने तालिम दिँदैछन्। तालिमका सहभागीले यसअघि सन् २०२२ मा गुणस्तरीय कश्मिरी ऊन कात्ने तालिम पाइसकेका छन्। "नेपाली पश्मिनाको वास्तविक गुणस्तर पहिचान गर्न च्याङ्ग्रा भुवाको नमूना सङ्कलन अनिवार्य छ।

नेपाली पश्मिनाको मूल्यलाई मजबुत बनाउन यो च्याङ्ग्रा उत्पादक जिल्लामै आएर तालिम तथा भुवा सङ्कलन कार्यक्रम आयोजना गरिएको हो", प्रशिक्षक क्यारोलले भन्नुभयो। स्थानीयस्तरमा यस तालिमकोसंयोजनगरिरहेकोनेपाल पश्मिना उद्योग सङ्घका उपाध्यक्ष धनप्रसाद लामिछानेले सङ्कलित भुवाको नमूनाको विश्लेशणबाट प्राप्त हुने नतिजाको आधारमा नेपाली पश्मिनाको गुणस्तर अन्तर ्राष्ट्रिय बजारमा सहयोग पुग्ने बताउनुभयो।

## नाम थर र जन्ममिति फरक पर्न गएको सूचना




वाग्लुङ जिल्ला गलकोट नगर पालिका वडा नं. ११ निवासी भारतिय भु.पु. नं. ५०३८१२४, का नायक लाल बहादुर पुनको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर लाल बहादुर पुन र भारतिय पेन्सन डकुमेन्टमा नामथर लाल बहादुर पुन भएको साथै निजको श्रीमतीको नेपाली नागरिकताको प्रमाणपत्रमा नामथर जसमाया देवी घर्ती र पतिको भारतीय पेन्सन डकुमेन्टमा निजको नामथर धनमाया भई नामथर फरक भएता पनि व्यक्ति एउटै भएको भनि गलकोट नगरपालिका ११ नं. वडा कार्यालय, वाग्लुङको चं.नं. ७६६, मिति २०७९/१२/०५ गतेको पत्रबाट लेखि आएको हुँदा सम्बन्धित सबैको जानकारीका लागी यो सुचना प्रकासित गरिएको छ।

## सार्वजनिक सूचना

स्याङ्जा जिल्ला चिसापानी गा.वि.स.-४ बस्ने रोमकुमारी थापा वर्ष ४५को नाममा रहेको पोखरा महानगरपालिका वडा नं. २७ को कित्ता नं. ३८३६, ३८३८ को क्षेत्रफल १६६.९१ वर्गमिटर भएको जगामा घर निर्माण कार्य गर्ने क्रममा पूर्व तर्फ कि. नं. ४१०५ र उत्तर तर्फ कि.नं. ३३४६ का सधियारा फेला नपरेको हुँदा उक्त निर्माण कार्य गर्दा बाधा पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस पोखरा महानगरपालिका वडा नं. २७ को कार्यलयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. १७, बुद्ध मन्टेश्वरीदेखि जनजागरण मार्ग सम्म निस्कने गोरेटो वाटो ढलान गर्नका लागि निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ।

**योजनाको नाम** : बुद्ध मन्टेश्वरीदेखि जनजागरण मार्ग सम्म निस्कने गोरेटो वाटो ढलान
**उपभोक्ता समिति**: बुद्ध मन्टेश्वरीदेखि जनजागरण मार्ग सम्म निस्कने गोरेटो वाटो ढलान उपभोक्ता समिति, पोखरा १७
**योजना सम्झौता मिति** : २०७९/११/११ गते
**योजना सुरू मिति** : २०७९/११/१२ गते
**योजना सम्पन्न हुने मिति** : २०७९/१२/३० गते
**योजना सम्पन्न भएको मिति** : २०७९/१२/०४ गते
**योजनाको कुल लागत** : रु. ६,८२,३४८/६०
**महानगरपालिकाबाट प्राप्त** : रु. ५,७९,९९९/६३
**जनसहभागिता** : रु.१,०२,३५१/९७
**जम्मा लागत** : रु. ६,६२,४७४/७३

**शिवराज बराल**
अध्यक्ष
**बुद्ध मन्टेश्वरीदेखि जनजागरण मार्ग सम्म निस्कने गोरेटो वाटो ढलान उपभोक्ता समिति**
पोखरा-१७, कास्की

# मनाङबाट ५२ विद्यार्थी एसइई परीक्षामा सहभागी हुने

**रासस**
मनाङ, ९ चैत

शैक्षिकसत्र २०७९ को माध्यमिक शिक्षा परीक्षा (एसइई)मा मनाङबाट ५२ विद्यार्थी सहभागी हुने भएका छन्। शिक्षा विकास तथा समन्वय एकाइका प्रमुख मतिलाल चपाईंका अनुसार मनाङबाट देशकै सबैभन्दा कम विद्यार्थी परीक्षामा सहभागी हुनेछन्।

मनाङमा छात्रा ३१ र छात्र २३ परीक्षामा सहभागी हुने उहाँले बताउनुभयो। "यहाँबाट परीक्षामा कम नै परीक्षार्थी हुन्छन्, मनाङ विकट जिल्ला र यहाँबाट विभिन्न विपद्का कारण विद्यार्थी घटेपछि अझ कम भए", चपाईंले भन्नुभयो। जिल्लाका तीन विद्यालयमा परीक्षा केन्द्र तोकिएको उहाँले बताउनुभयो।

उहाँका अनुसार चामेस्थित लोकप्रिय माध्यमिक विद्यालय, थोंचेस्थित प्रकाशज्योति माध्यमिक विद्यालय र मनाङ डिस्याङस्थितअन्नपूर्णमाध्यमिक विद्यालयमा परीक्षा केन्द्र तोकिएको छ। खुलातर्फबाट छ छात्रले यस शैक्षिकसत्रमा परीक्षा दिन फाराम भरेका उहाँले बताउनुभयो। लोकप्रियबाट छ खुलासहित गरी १७ छात्रा र सात छात्रले परीक्षा दिनेछन्। प्रकाशज्योतिबाट नौ छात्रा र आठ छात्र तथा अन्नपूर्णबाट तीन छात्रा र दुई छात्र परीक्षामा सहभागी हुनेछन्।

लोकप्रिय र प्रकाशज्योतिका एक/एक विद्यार्थीले रजिस्ट्रेशन फाराम भर्न अनुपस्थित भएको शिक्षा विकास तथा समन्वय एकाइले जनाएको छ। ऐच्छिक प्रथमतर्फ मनाङमा प्राविधिक, अर्थशास्त्र र भूगोल विषय पढाइ हुन्छ। त्यस्तै ऐच्छिक द्वितीयतर्फ बाली विज्ञान, लेखा र शिक्षा विषयको पठनपाठन हुने गरेको छ।

# महिलाले खोले 'अन्नपूर्ण खाद्यान्न उद्योग'

**रासस**
स्याङ्जा, ९ चैत

स्याङ्जाको वालिङमा महिलाद्वारा सञ्चालित गतिशील महिला बहुउद्देश्यीय सहकारी संस्थाले 'अन्नपूर्ण खाद्यान्न उद्योग' सञ्चालनमा ल्याएको छ। सहकारीले रू तीन करोड ३३ लाखको लागतमा फागुन २८ गतेदेखि उद्योग सञ्चालनमा ल्याएको हो।

वालिङ नगरपालिकाभित्रका विभिन्न ठाउँमा उत्पादन हुने रैथाने बालीको प्रवर्द्धन गर्ने उद्देश्यले उद्योग सञ्चालनमा ल्याइएको संस्थाका अध्यक्ष कविता तिवारी गैरेले बताउनुभयो। उक्त उद्योगबाट रैथाने बाली जर्नेली धान, गहुँ, दलिया, आटा, सर्वोत्तम पिठोलगायत पौष्टिक आहार उत्पादन हुने गर्दछ। "वालिङको ब्राण्डकारूपमा गुणस्तरयुक्त 'अन्नपूर्ण ब्राण्ड' को नामबाट खाद्यान्न बजारमा पठाउँछौँ", उहाँले भन्नुभयो। सर्वोत्तम पिठो अहिलेसम्म नेपालमा उत्पादन नभएकाले यहाँबाट उत्पादन हुने पिठो मुलुककै पहिलो पौष्टिक आहारको रूपमा रहेको अध्यक्ष तिवारीको दाबी छ। बालबच्चादेखि वृद्धवृद्धा सबैलाई पौष्टिक आहारकारूपमा प्रयोग गर्न सकिने उहाँले जिकिर गर्नुभयो। सहकारीले यसअघि समृद्धि गार्मेन्ट उद्योग र नमूना कृषि फर्म सञ्चालन गरिसकेको छ। "महिलाद्वारा सञ्चालित सहकारीले बचत तथा ऋणको कारोबारसँगै गार्मेन्ट उद्योग, नमूना कृषि फर्म सञ्चालन गरिसकेका छौँ", उहाँले भन्नुभयो,"बहुउद्देश्यीय सहकारी संस्था भएकाले फरक-फरक क्षेत्रमा काम गर्न पाइने भएकाले अन्नपूर्ण खाद्यान्न उद्योग स्थापना गरेका हौँ।"

सहकारीले वालिङ-६ मा ३६ रोपनी जग्गा भाडामा लिएर खाद्यान्न उद्योग स्थापना गरेको हो। सोही ठाउँमा नमूना कृषि फर्म पनि सञ्चालनमा छ।

विसं २०६९ मा ४० जना महिलाद्वारा स्थापित सहकारीले विसं २०७० वैशाखबाट विधिवत् सेवा सुरु गरेको थियो। रू ४५ लाख शेयर पुँजीबाट सुरु भएको संस्थामा हाल रू २७ करोड शेयर पुँजी रहेको संस्थाका सचिव इन्दिरा गैरे अधिकारीले बताउनुभयो।

सहकारीमा हाल सात हजार सात सय ७६ महिला शेयर सदस्य छन् भने ३६ जनाले प्रत्यक्ष रोजगारी पाएका छन्।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. १० अन्नपूर्ण टोल भित्रीबाटो ढलान निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**
**योजनाको नामः अन्नपूर्ण टोल भित्री बाटो ढलान**
**स्थानः पोखरा–१० अन्नपूर्ण टोल**
**योजना सम्झौता मिति : २०७९/१०/०८ गते**
**योजना सम्पन्न मितिः २०७९/११/१० गते**
**योजनाको कुल लागत : रु. ६,६८,४२६.७६।–**
**महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.५,००,०००।–**
**जन सहभागितावाट : रु.१६८४२६.७६।–**
**उपभोक्ता समिति अध्यक्षः साहुबुधिन मिया**
**सचिवः सूर्य तिवारी, कोषाध्यक्षः आवेदा मिया**
**अनुगमान समिति संयोजकः**
**वडा सदस्य एवं संयोजक पूर्णचन्द्र न्यौपाने**

**अन्नपूर्ण टोल भित्री बाटो ढलान योजना उपभोक्ता समिति पोखरा-१०, अन्नपूर्ण**

गण्डकी प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
**पर्यटन,उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**पर्यटन तथा उद्योग कार्यालय, कास्की**

## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित सूचना २०७९/१२/०९

यस कार्यालयबाट मिति २०७७/०९/०५ मा कास्की जिल्ला पोखरा १५ मा संचालन गर्ने गरि हरिनास ०७ स्याङ्जा निवासी धन माया थापाको नाउँमा दर्ता भएको उद्योग दर्ता नं. १८५३३/०७७/०७८ को चौतारी धनमाया खाजा घर नामक फर्मको संचालक श्री धन माया थापाले फर्म संचालन गर्न नसक्ने भएकाले फर्म बन्द गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यदि सो फर्ममा अरु कसैको हकदावी एवं फर्मको कुनै पनि प्रकारको आर्थिक बक्यौदा लगायत कुनै पनि प्रकारका सामाजिक दायित्वहरु बाँकी रहेको भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ। म्यादभित्र लिखित उजुरी नपरेमा निवेदकको निवेदन बमोजिम उक्त फर्म नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**पर्यटन तथा उद्योग कार्यालय, कास्की**
**गण्डकी प्रदेश, पोखरा**

# त्रिआमा बित्तीय साक्षरता कार्यक्रम

**पोखरापत्र संवाददाता**
स्याङ्जा, ९ चैत

"जनता बैंकमा होईन, बैंक जनतामा जानुपर्छ" भन्ने मुल उद्देश्यका साथ स्थापित मुक्तिनाथ विकास बैंक पुतलीबजार शाखाको आयोजनामा जिल्ला सदरमुकामस्थित त्रिभुवन आदर्श माध्यमिक विद्यालयमा बित्तीय साक्षरता कार्यक्रम सम्पन्न भएको छ।



नेपाल राष्ट्र बैंकको सम्मन्वयमा २०२३ को मार्च २२ देखि २६ सम्म संचालित 'ग्लोबल मनि सप्ताह' का अवसरमा बैंकले बित्तीय साक्षरता कार्यक्रम सम्पन्न गरेको हो । बित्तीय साक्षरता कार्यक्रममा विद्यालयका कक्षा ११ मा अध्ययनरत झण्डै १ सय विद्यार्थीको सहभागिता रहेको थियो । त्यस अवसरमा बैंकका पुतलीबजार शाखा प्रमुख दिनेश गुरुङ्ले बित्तीय साक्षरताका मार्फत संचालित कार्यक्रमले नेपालमा पछिल्लो समय बचत गर्ने बानीको विकास भएको बताए। उनले बचत गर्ने बानीको विकास गर्न सकेमात्रै धनि बन्न सकिने मुलमन्त्रलाई आत्मसाथ गर्न सबैमा आग्रह गरे । बित्तीय साक्षतरताकाअवसरमाविद्यालयका प्रधानाध्यापक मुक्तिप्रसाद रेग्मी, बैंकका अनुगमन अधिकृत बालकृष्ण रेग्मी, बजार प्रबर्द्धन प्रमुख सन्तोष ढकालले बैंकिङ् कारोबारका बारेमा विद्यालय स्तरमा आवश्यक ज्ञान प्रदान गर्न सके विद्यार्थीमा आर्थिक कारोबारको महत्वका बारेमा जानकारी हुने बताए । विद्यालयका शिक्षक अभिभावक संघका अध्यक्ष विष्णुप्रसाद श्रेष्ठ बैंकका आईबी डेक्स प्रमुख अरुण कार्की लगाएतका बक्तलाहरुले बोलेको मुक्तिनाथ विकास बैंक पुतलीबजार शाखा संचालन विभाग प्रमुख प्रलभ पोखरेलले जानकारी दिए। बैंकले सामाजिक उत्तरदायित्व अर्न्तगत विद्यालय, आमा समूह, युवा क्लब स्तरमा लामो समयदेखि बित्तीय साक्षरताका गतिविधिहरु संचालन गर्दै आएको छ। बैंककै सहयोगमा कृषक परिवारका विद्यार्थीलाई लक्षित गरी त्रिभुवन आदर्श माविमा ५ लाखको अक्षयकोष संचालनमा रहेको छ।

# आँधीखोलामा 'हप्तामा दुई घण्टा' अभियान

**पोखरापत्र संवाददाता**
वालिङ, ९ चैत

धार्मिक एवं ऐतिहासिक महत्वको आँधीखोलाको संरक्षण तथा सरसफाइ गर्न 'हप्तामा दुई घण्टा' अभियान थालिएको छ। प्रत्येक शनिबार बिहान ७:३० देखि ९:३० बजेसम्म वालिङस्थित आँधीखोलाको संरक्षण र सरसफाइ अभियान सञ्चालन गरिएको हो ।

वालिङ नगरपालिका, सशस्त्र प्रहरी, नेपाल प्रहरी, स्थानीय सङ्घ संस्था तथा स्थानीयवासीको सक्रियतामा सुरु भएको अभियान गत शनिबार १२ औं हप्ता पूरा भयो । आँधीखोला हाम्रो सभ्यता र पहिचान भएकाले यसलाई जोगाइराख्नु दायित्व सम्झेर संरक्षण तथा सरसफाइ अभियान सञ्चालन गरिएको अगुवाइ गर्दै आएको आँधीखोला संरक्षण सरोकार मञ्चका संयोजक प्रकाश अर्याल बताउनुहुन्छ। पानीका मुहान तथा प्राकृतिक स्रोत साधनको दोहन हुन नदिनका लागि सचेतनामूलक कार्यक्रममार्फत समाजमा सकारात्मक सन्देश दिनका लागि अभियान थालेको उहाँले बताउनुभयो । "हाम्रो सभ्यतासँग जोडिएको आँधीखोलामा ढल तथा फोहरमैला नफाल्नका लागि सकारात्मक सन्देश दिनका लागि खोलामै पुगेर सरसफाई गर्दै आएका छौं", उहाँले भन्नुभयो, "सामाजिक उत्तरदायित्वअन्तर्गत यो अभियानमा विस्तारै सहभागी थपिँदै हुनुहुन्छ, "१२ औं हप्ता सकियो, निरन्तर चल्नेछ ।" सामाजिक सञ्जाल तथा स्थानीय रेडियो, पत्रपत्रिकाको माध्यमबाट सूचना प्रवाह गरी अभियानमा सहभागी बनाउने गरिएको छ । आँधीखोला सरसफाइ अभियान प्रभावकारी बन्दै अगाडि बढेको अर्याल दाबी गर्नुहुन्छ। वालिङमा जस्तै अन्य पालिकामा पनि संरक्षण र सरसफाइलाई अभियानकै रुपमा अगाडि बढाउनु आवश्यक छ।

श्रवणकुमारका अन्धाअन्धी मातापिताको आँसुबाट उत्पत्ति भएको मानिएको आँधीखोलाको सभ्यता पछिल्लो समय दूषित हुँदै जाँदा यसको महत्व सङ्कटतर्फ धकेलिएको छ । बढ्दो बजारीकरणसँगै खोलाको किनारमा रहेका बजार तथा बस्तीका ढल सिधै खोलामा मिसाउँदा पनि प्रदूषित हुने गरेको छ ।बजारबाट निस्कने कुहिने, नकुहिने तथा सिसाजन्य फोहर खोला किनारमा स्थानीयले फालिदिने गरेका कारणले भने आँधीखोला प्रदूषित बन्दै गएको हो।

पछिल्लो समय आँधीखोलाबाट नदीजन्य पदार्थ उत्खनन गर्दा पनि यसको स्वरुप परिवर्तन हुन पुगेको छ। खोलामा ढुङ्गा गिट्टी बालुवा उत्खनन गर्दा यहाँ पाइने स्थानीय जातका माछा लोप हुनुका साथै स्थानीय माझी जातिको पेसासमेत लोप भइसकेको छ। स्याङ्जाको आँधीखोला गाउँपालिकास्थित 'अन्धाअन्धी दह' बाट उत्पत्ति भएको आँधीखोला जिल्लाको मध्यभागबाट बहेको छ । आँधीखोला गाउँपालिका, पुतलीबजार नगरपालिका, भीरकोट नगरपालिका, वालिङ नगरपालिका, गल्याङ नगरपालिका हुँदै कालीगण्डकी गाउँपालिकाको मिर्मिमा पुगेर कालीगण्डकीमा मिसिन्छ।

# तनहुँमा दश खानेपानी आयोजना सम्पन्न

**रासस**
तनहुँ, ९ चैत

गण्डकी प्रदेश सरकारको 'एक घर एक धारा' अभियानअन्तर्गत तनहुँमा खानेपानी आयोजना निर्माण तीव्र रूपमा भइरहेको छ । जिल्लामा निर्माणधीन अवस्थामा रहेका एक सय उनानचालिस आयोजनामध्ये दश आयोजनाको काम अन्तिम चरणमा पुगेको छ।

प्रदेश सरकारको रू एक करोड चौबन्न लाखको लागतमा उक्त आयोजनाको निर्माण गरिएको खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय तनहुँका इञ्जिनीयर वामदेव पौडेलले जानकारी दिनुभयो। आठ सय ५८ घरधुरीका करिब चार हजार दुई सय ९० जना आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने उहाँले बताउनुभयो। पौडेलका अनुसार अधिकांश आयोजना लिफ्टबाट निर्माण गरिएका छन् भने केही ग्राबिटी प्रणालीका आयोजना छन् । आयोजनाको काम अन्तिम चरणमा पुगेकाले लामो दूरीबाट पानी बोकेर खानुपर्ने समस्याको अन्त्य हुनुका साथै करेसाबारीमा सिँचाइ समेत गर्न सकिने भएपछि स्थानीय बासिन्दा उत्साहित भएका छन् । इञ्जिनीयर वामदेव पौडेलले भानु नगरपालिका-१० स्थित चेककोट खानेपानी आयोजनाको लागि रू बीस लाख बजेट विनियोजन भएपछि निर्माण सुरु गरिएको थियो । ऋषिङ गाउँपालिका-३ को भीरकोट खानेपानी आयोजनबाट एक सय ६०, ऋषिङ गाउँपालिका-८ को घुर्रा छहरा खानेपानीबाट एक सय ६५, व्यास-९ को सतिश्वारा खोपानीबाट एक सय ५० ,बन्दीपुर-२ को पार्चे खानेपानीबाट सत्तरी घरधुरीका बासिन्दा लाभान्वित हुने छन् ।त्यसैगरी भानुको भीमसेन खानेपानीबाट ५५, शुक्लागण्डकी-२ को हलेदी पिपलतारा खानेपानीबाट५४,भानु-५ को पोखरीथोक कोलागैरी खानेपानीबाट ६५, बन्दीपुर-१ को भूँडाटार खानेपानी आयोजनाबाट ९० र भीमाद नगरपालिका-४ गिजनडाँडा खानेपानी आयोजनाबाट १७ घरपरिवार लाभान्वित हुने छन् ।

# पचास करोडका आठ नदी नियन्त्रण योजना सञ्चालन

**रासस**
म्याग्दी, ९ चैत

सदरमुकाम बेनीमा यस वर्ष कटान र बाढी नियन्त्रण गर्न रु ५० करोड लागतमा आठ योजना सञ्चालन भएका छन् ।

कालीगण्डकी र म्याग्दी नदीको दोभानमा अवस्थित बेनीलाई सरकारले नदी कटानका हिसाबले जोखिमयुक्त जिल्ला सदरमुकामको सूचीमा राखेको छ। ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयअन्तर्गतको रुपाताल संरक्षण एकीकृत विकास परियोजनाले यसपाली बेनी र आसपासका क्षेत्रमा करिब रु ५० करोड लागतमा नदी नियन्त्रण योजना कार्यान्वयन भएको जनाएको छ। परियोजनाका प्रमुख विदुर श्रेष्ठले नदी कटानको उच्च जोखिममा रहेको बेनी बजार, गलेश्वर क्षेत्र, राममन्दिर र पर्वत बेनी आसपासका बस्तीलाई संरक्षण गर्न आठ प्याकेजमा काम भइरहेको जानकारी दिनुभयो।


**जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना आफ्नो स्थायी वडा कार्यालयमा गई घटना घटेको ३५ दिनभित्रै दर्ता गराऔं।**

**साथै**

**नगरपालिकामा दाखिला गर्नुपर्ने सम्पत्ति कर, बहाल कर, उद्योग पेशा व्यवसाय कर, सरसफाई, सेवा शुल्क तथा विज्ञापन शुल्क समयमै दाखिला गरी जरिवानाबाट बचौं।**

***समयमा नै कर दाखिला गरी सभ्य नागरिकको परिचय दिऔं।***

**ढोरपाटन नगरपालिका**
**गण्डकी प्रदेश**
**बुर्तीवाङ, बागलुङ**
**फोन नं: ०६८-४१०१८०, ४१०१८१**


# मोटरबाटो नहुँदा सुत्केरीलाई डोलीमा बोक्नुपर्ने बाध्यता

**पोखरापत्र संवाददाता**
दमौली, ९ चैत

भौगोलिक हिसाबले तनहुँलाई सुगम जिल्ला मानिन्छ । तनहुँका अधिकांश ठाउँमा मोटरबाटोको पहुँच छ । तर तनहुँमै एउटा यस्तो गाउँ पनि छ जहाँ अहिलेसम्म मोटरबाटो पुगेको छैन। तनहुँको आँबुखैरेनी गाउँपालिका-४ आमडाँडा, खम्राङ, दुवा बेलडाँडा मोटर गुड्ने सडकको पहुँचबाट टाढै छ । पृथ्वीराजमार्गको आँबुखैरेनीसँगै जोडिएको यो वडाका तीन गाउँमा मोटर गुड्ने बाटो नपुग्दा सुत्केरीलाई डोलीमा अस्पतालसम्म लैजानुपर्ने बाध्यता छ।

सुत्केरी वा विरामी हुँदा डोली वा डोकोमा बोकेर अस्पताल लैजानुपर्ने बाध्यता रहेको आँबुखैरेनी गाउँपालिका-४ का वडा सदस्य प्रेमबहादुर गुरुङ बताउनुहुन्छ । यी गाउँबाट सडकको पहुँचसम्म पुग्न एक/दुई घण्टा पैदल हिँड्नुपर्छ।

"गाउँसम्म जाने मोटरबाटो छैन, सुत्केरी हुँदा र बिरामी पर्दा यहाँका स्थानीयलाई सास्ती छ," गुरुङले भन्नुभयो, "डोली बोकेर लैजानुको विकल्प छैन।" वडाकै अन्य गाउँमा मोटरबाटोको पहुँच पुगेपनि यी गाउँ वर्षौंदेखि मोटरबाटोको पहुँचबाट टाढा रहेको गुरुङको भनाइ छ।

सुत्केरी हुँदा हिँडेर भरतपुर महानगरपालिकाको पाँचकिलोसम्म आउनुपर्छ । त्रिशूली नदीको पार गरेपछि मात्रै मुग्लिन-नारायणगढ खण्डको पाँचकिलो पुगिन्छ । त्यहाँ पुगेपछि मात्रै सवारी साधनको प्रयोग गर्न सकिने गुरुङले बताउनुभयो।

अरु बेला पनि यहाँका स्थानीय यही पुल तरेर पैदल नै गाउँ आउँजाउ जाने गर्दछन् । "बजारमा किनमेल गर्न जान परेपनि समस्या उहीं हो, पाँचकिलो झरेर मुग्लिन, चितवन वा आँबुखैरेनी जानुपर्छ", गुरुङले भन्नुभयो, "यो गाउँका बारेमा सबैलाई जानकारी भए पनि अहिलेसम्म प्राथमिकतामा परेको छैन ।"सोमबार आमडाँडा निवासी सुत्केरी हीरा गुरुङलाई डोलीमा राखेर आँबुखैरेनी अस्पतालसम्म पुऱ्याइएको थियो । उहाँलाई डोलीमा हालेर दुई घण्टा पैदल हिँडेपछि पाँचकिलोमा एम्बुलेन्स बोलाएर आँबुखैरेनी अस्पताल लगिएको थियो । "पहिले भरतपुर लैजानुपर्थ्यो, अहिले गाउँपालिकाले आफैले आँबुखैरेनी अस्पताल सञ्चालन गरेपछि भने त्यही लैजाने गरेका छौं," उहाँले भन्नुभयो।

सुत्केरी भएपछि पुनः उहाँलाई त्यसरी नै बोकेर घर पुऱ्याइएको थियो । "घर फर्किने बेलामा पनि आँबुखैरेनी अस्पतालबाट पाँचकिलोसम्म एम्बुलेन्समा ल्यायौं, त्यहाँबाट झोलुङ्गे पुल तरेपछि पुनः डोलीमा राखेर दुई घण्टा हिँडेर घर पुऱ्यायौं," उहाँले भन्नुभयो । मोटरबाटोको पहुँच नपुगेको ती ठाउँमा मोटरबाटो पुऱ्याउनका लागि आवश्यक बजेट विनियोजनका लागि गाउँसभामा कुरा उठाएको गुरुङले बताउनुभयो।

"जनतालाई निकै सास्ती छ, जनताको आवाज गाउँसभासम्म पुऱ्याए पनि सुनुवाइ हुनसकेको छैन," गुरुङले भन्नुभयो । आँबुखैरेनी गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले पुलजीपतर्फबाट उक्त गाउँमा मोटर चल्ने भए पनि बाटोको समस्याका कारण सवारी साधन नियमित नचल्दा दुःख हुने गरेको बताउनुभयो । "त्यस भेगका सर्वसाधारणलाई पुलजीपतर्फ आउनभन्दा मुग्लिन नारायणगढखण्डको पाँचकिलो झर्न चाँडै हुन्छ, पुलजीपतर्फको बाटो अप्ठ्यारो भएकाले नियमित गाडी नचल्दा जनतालाई सास्ती भएको छ," उहाँले भन्नुभयो।

घुमाउने र मुग्लिनको बीचभागमा पक्की पुल नहुँदा सर्वसाधारणलाई सास्ती भएको चुमानले बताउनुभयो । "त्यस भेगका जनतालाई पाँचकिलो झरेर मुग्लिन, नारायणगढ जान पायक पर्छ", उहाँले भन्नुभयो, "पक्की पुल नभएकाले पनि डोलीमा बोकेर आउनुपर्ने बाध्यता हो।"

उहाँका अनुसार त्यसभेगका सर्वसाधारण पुलजीप हुँदै आउनुभन्दा नारायणढ मुग्लिन सडकमा झर्न चाँडै हुन्छ। "उक्त ठाउँमा सडक निर्माणका लागि डिपिआर अनुसार रू एक अर्बको हाराहारीमा बजेट चाहिन्छ, गाउँपालिकाले मात्रै निर्माण गर्न सक्दैन," उहाँले भन्नुभयो, "प्रदेश र सङ्घ सरकारको सहयोग बिना यो सम्भव पनि छैन।" चुमानले आफ्नै कार्यकालमा यो सडकमा गाडी चल्ने र कालोपत्र गराउने दाबी गर्नुभयो।

## हार्दिक श्रद्धाञ्जली



**जन्मः**
**वि.स. १९८४/०५/१५**

**स्वर्गारोहणः**
**वि.स. २०७९/११/२८**

**स्वः नन्दकली (सन्तकुमारी) भुजेल**

हाम्री ममतामयी पुजनीय माता **नन्दकली (सन्तकुमारी) भुजेल** को ९५ वर्षको उमेरमा भएको असामयीक दुःखद निधनले हामीलाई मर्माहत एवं स्तब्ध बनाएको छ। उहाँको स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं। साथै यस दुःखद् घडिमा हामीप्रति श्रद्धाभाव राखि सहानुभूति एवं समवेदना प्रकट गर्नुहुने सम्पूर्ण ईष्टमित्र, कुलकुटुम्ब, छरछिमेकी, संघ संस्था एवम् शुभचिन्तकहरुप्रति हार्दिक आभार व्यक्त गर्दछौं।

**जेठी बुहारीः डिलमाया भुजेल**
**माइला छोरा बुहारीः रामबहादुर/उजेली भुजेल**
**साइला छोरा बुहारीः कालीबहादुर/ देउमाया भुजेल**
**कान्छी बुहारीः प्रतिमा प्रधान भुजेल**
**छोरी ज्वाइँः निर्मला/ खेमबहादुर घर्ती**
**एवम् ८ नातीहरु/ ६ नातिनी बुहारी**
**७ नातिनी/ ६ नातिनी ज्वाइँ**
**१५ पलाति, पलातिनीहरु**

**सम्पूर्ण भुजेल परिवार**
**लेकसाइड खहरे, बङ्लादी**